**यस इनरुवा नगरपालिका, नगर कार्यपालिकाको मिति २०७५/२/२८ गते बसेको १७ (सत्रौं) बैठकले निम्नानुसारको निर्णय गरेको छ ।**

**निर्णय नं. १.** इनरुवा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको आ.व. २०७५/०७६ को लागि पेश भएको देहाय बमोजिमको वार्षिक बजेट सिलिंग तथा मार्गदर्शन सर्व सम्मतले पारित गर्दै उक्त बजेट सिलिंग तथा मार्गदर्शन वडा कार्यालयमा पठाउने निर्णय गरियो ।

**बजेट सिलिंग जम्मा रु. १६ करोड**

| क्र.सं. | विवरण | प्रतिशत | रकम | समेटनु पर्ने क्षेत्रहरु |
|---|---|---|---|---|
| १. | आर्थिक विकास | १० | १,६०,००,००० | कृषि (कृषि आधुनीकिकरण, बाली विकास कार्यक्रम, आलु, तरकारी तथा मसलाबाली विकास कार्यक्रम, सहकारी खेती, साना सिचाई तथा मल विउ ढुवानी कार्यक्रम, कृषि प्रसार कार्यक्रम), पशु (बंगुर तथा कुखुरा पालन सहकारी कार्यक्रम, पशुपंक्षी बजार प्रबर्द्धन कार्यक्रम, पशु आहार विकास कार्यक्रम, पशु स्वास्थ्य नियमन कार्यक्रम, पशु सेवा प्रसार कार्यक्रम, पशु विकास सेवा कार्यक्रम), उद्योग तथा बाणिज्य, पर्यटन (पर्यटन पुर्वाधार विकास कार्यक्रम), सहकारी, वित्तिय क्षेत्र |
| २. | सामाजिक विकास | १० | १,६०,००,००० | **लक्षित वर्ग**, शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धन (ऐतिहासिक पुरातात्वीक धार्मिक स्थलहरुको संरक्षण), लैंगिक समानता तथा सामाजिक समावेशीकरण, **सशक्तिकरण** खेलकुद, युवा लक्षित कार्यक्रम |
| ३. | पुर्वाधार विकास | ६५ | १०,४०,००,००० | सडक तथा पुल, सिंचाई, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलबिदुत (बैकल्पिक उर्जा समेत), संचार |
| ४. | वातावरण तथा विपद व्यवस्थापन | ७ | १,१२,००,००० | वन तथा भु संरक्षण (बृक्षारोपण, नर्सरी ब्यवस्थापन), जलाधार, संरक्षण, वातावरण संरक्षण, जलबायु परिवर्तन, फोहोरमैला ब्यवस्थापन, ल्याण्डफिल साईट, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद व्यवस्थापन |
| ५. | संस्थागत विकास | १ | १६,००,००० | मानव संसाधन विकास, संस्थागत क्षमता विकास, संस्थागत पुर्वाधार, नागरिक वडापत्र तथा टोकन प्रणाली, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विधुतीय सूचना प्रविधिको प्रयोग |
| ६. | वित्तिय व्यवस्थापन तथा सुशासन | १ | १६,००,००० | लेखांकन, राजश्व परिचालन, वित्तिय अनुशासन, वित्तिय जोखिम न्युनीकरण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, आन्तरिक लेखा परिक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली, अन्तिम लेखा परिक्षण तथा बेरुजु फर्छ्यौट, सूचना तथा संचार ब्यवस्थापन, सार्वजनिक परिक्षण |
| ७. | समपुरक कोष | ५ | ८०,००,००० | |
| | **जम्मा** | **१००** | **१६,००,००,०००** | |

**नोट**

१। कार्यक्रम छनौट गर्दा प्रत्येक शिर्षकको बढीमा ५ वडा कार्यक्रम मात्र छनौट गर्नु पर्नेछ ।

२। वडा बाट कार्यक्रम तथा योजना छनौट तथा प्राथमिकीकरण गरि नगरपालिकामा पेश गर्नु पर्नेछ ।

३। पेश भएका कार्यक्रम तथा योजनाहरुलाई विषयगत समितिमा छलफल गरि प्राथमिकीकरणको आधारमा बजेट विनियोजन गरिनेछ ।

**निर्णय नं. २.** वडा स्तरीय सहभागितात्मक योजना तर्जुमाको कार्यतालिका पारित गर्दै सार्वजनिक पत्र पत्रिका, सूचना पाटीमा प्रकाशन गर्दै वडा कार्यालयमा पठाउने निर्णय गरियो ।

**निर्णय नं. ३.** इनरुवा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको आ.व. २०७५/०७६ नीति, कार्यक्रम तथा बजेट तयार गरि नगर सभामा पेश गर्ने निम्न अनुसारको कार्य तालिका पारित गर्ने निर्णय गरियो ।

| क्र.स. | कार्य विवरण | मिति | जिम्मेवारी |
|---|---|---|---|
| १ | श्रोत अनुमान तथा कुल बजेट सिमा र मार्गदर्शन निर्धारण र स्वीकृति | २०७५/२/२८ देखि २९ गते सम्म | श्रोत अनुमान तथा कुल बजेट निर्धारण समिति |
| २ | वस्ती टोल स्तरमा आयोजना / कार्यक्रम छनौट | २०७५/२/३० देखि २०७५/३/२ गते सम्म | वडा समिति |
| ३ | वडा स्तरीय आयोजना / कार्यक्रम प्राथमिकीकरण गरि नगरपालिकामा पेश गर्ने | २०७५/३/३ गते | वडा समिति |
| ४ | कार्यक्रमहरुको विषयक्षेत्रगत सुची निर्धारण | २०७५/३/४ गते | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| ५ | बिषय क्षेत्रगत सुची उपर छलफल गरि प्राथमिकीकरण गरि पेश गर्ने | २०७५/३/५ र ६ गते | विषयगत कार्य समूह |
| ६ | प्राथमिकीकरण भई पेश भएका योजना उपर छलफल | २०७५/३/७ गते | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| ७ | नीति, कार्यक्रम तथा बजेट निर्धारण गरि नगर कार्यपालिकामा पेश गर्ने | २०७५/३/८ गते | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| ८ | नगर कार्यपालिकाद्वारा स्वीकृत गरि सभामा पेश गर्ने | २०७५/३/१० गते | नगर कार्यपालिका |
| ९ | नीति, कार्यक्रम तथा बजेट उपर छलफल | २०७५/३/१० गते | नगर सभा |

## मार्गदर्शन

१. आयोजना/कार्यक्रम छनौट गर्दा वडा भित्रका वस्तिहरुलाई भौगोलिक अवस्थिती, जनसंख्या, यातायातको सुविधा लगायतका आधारमा क्लष्टर निर्माण गरि सबै नागरिकलाई योजना छनौटको वस्ती स्तरीय भेलामा सहभागी हुने व्यवस्था मिलाउनु पर्नेछ ।

२. आयोजना/कार्यक्रम छनौटका लागि वडा सदस्यको नेतृत्वमा टोली परिचालन गर्नुपर्नेछ ।

३. आयोजना/कार्यक्रम छनौट गर्दा बालबालिका, महिला, आदिवासी, जनजाती, मधेसी, दलित, अपांग, सिमान्तकृत, पिछडावर्ग लगायत सबै समुदायको अर्थपुर्ण उपस्थिती हुने व्यवस्था मिलाउनु पर्नेछ ।

४. नागरिक समाजका संस्थाहरु, महिला, आमा समुहहरु, बाल क्लवहरु, स्थानीय गैर सरकारी संस्थाहरु, सहकारी संस्थाहरु, निजी क्षेत्रका संस्थाहरु जस्ता स्थानीय संघ संस्था, टोल विकास संस्था, नागरिक सचेतना केन्द्र, वडा नागरिक मंचहरुको सक्रिय सहभागिता गराउनु पर्नेछ ।

५. वडास्तरबाट मांग नभएका तर नगरस्तरमा महत्वपुर्ण देखिएका आयोजना, कार्यक्रमहरुलाई समेत औचित्य खुलाई प्राथमिकिकरणको सूचीमा राखी पठाउन सकिनेछ ।

६. सार्वजनिक पार्क, मनोरन्जन स्थल तथा बाल उद्यानको निर्माण तथा संचालनको व्यवस्था गर्नुपर्नेछ ।

७. अनौपचारिक शिक्षा कार्यक्रम तथा प्रारम्भिक बाल विकास केन्द्र संचालन र व्यवस्थापन गर्नुपर्नेछ ।

८. पुस्तकालय,वाचनालय, सामुदायिक सिकाई केन्द्र, बालक्लव, बालभेला तथा बालसंजालको संचालन र व्यवस्थापन गर्नुपर्नेछ ।

९. वडा तहको स्वास्थ्य केन्द्र तथा उप केन्द्रको संचालन तथा व्यवस्थापन गर्नुपर्नेछ ।

१०. बालबालिकाहरुलाई बि.सि.जि., पोलियो, भिटाभिन ए लगायत खोप कार्यक्रमको संचालन, व्यवस्थापन एवं समन्वय गर्नुपर्नेछ ।
११. पोषण कार्यक्रमको संचालन तथा समन्वय गर्नुपर्नेछ ।
१२. वडा तहमा स्वास्थ्य जनचेतना विकास तथा स्वास्थ्य सूचना कार्यक्रम संचालन गर्नुपर्नेछ ।
१३. शहरी तथा ग्रामीण स्वास्थ्य क्लिनिकको संचालन गर्नुपर्नेछ ।
१४. सार्वजनिक शौचलय, प्रतिक्षालय तथा स्नान गृहको निर्माण र व्यवस्थापन गर्नुपर्नेछ ।
१५. वडास्तरीय सामुदायिक धाराको प्रवन्ध, कुवा, इनार तथा पोखरीको निर्माण, संरक्षण र गुणस्तर नियन्त्रण गर्नु पर्नेछ ।
१६. एम्बुलेन्स तथा शव वाहन सेवा संचालन तथा व्यवस्थापन गर्नुपर्नेछ ।
१७. घरबाट निकास हुने फोहोरमैला संकलन र व्यवस्थापन, चोक तथा गल्लीहरुको सरसफाई, ढल निकास, मरेको जनावरको ब्यवस्थापन, सतही पानीको निकास तथा पानीको श्रोत संरक्षण गर्नुपर्नेछ ।
१८. कृषि तथा फलफुल नर्सरीको स्थापना, समन्वय र प्रवर्द्धन तथा वडास्तरीय अगुवा कृषक तालिमको अभिमुखीकरण गर्नुपर्नेछ ।
१९. कृषि मलको माग संकलन गर्नुपर्नेछ ।
२०. कृषिमा लाग्ने रोगहरुको विवरण तयार गर्ने र रोग नियन्त्रण कार्यक्रम संचालन गर्नुपर्नेछ ।
२१. पशुपंक्षी विकास तथा छाडा चौपायाको व्यवस्थापन गर्नुपर्नेछ ।
२२. वडाभित्रको चरन क्षेत्र संरक्षण तथा व्यवस्थापन गर्नुपर्नेछ ।
२३. स्थानीय समुदायका चाडपर्व, भाषा, संस्कृतिको विकासको लागि कला, नाटक, जनचेतनामुलक तथा सांस्कृतिक कार्यक्रम गर्नुपर्नेछ ।
२४. स्थानीय मौलिकता झल्कीने सांस्कृतिक रितीरिवाजलाई संरक्षण तथा प्रवर्द्धन गर्नुपर्नेछ ।
२५. वडाभित्र खेलकुद पुर्वाधारको विकास गर्नुपर्नेछ ।
२६. अन्तर बिद्यालय तथा बाल क्लव मार्फत खेलकुद कार्यक्रमको संचालन गर्नुपर्नेछ ।
२७. वडा क्षेत्रभित्रको बाटो घाटो चालु अवस्थामा राख्ने तथा राख्न सहयोग गर्नुपर्नेछ ।
२८. वडा भित्रका सडक अधिकारक्षेत्रमा अवरोध र अतिक्रमण गर्न नदिने ।
२९. घरेलु उद्योगको लगत संकलन तथा सम्भाब्यता पहिचान गर्नुपर्नेछ ।
३०. वडाभित्र घरेलु उद्योग प्रवर्द्धन गर्नुपर्नेछ ।
३१. वडालाई बालमैत्री बनाउने ।
३२. वडाभित्र आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बालबालिका, दलित, अपांगता भएका ब्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सिमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने ।
३३. बालविवाह, महिला विरुद्धको हिंसा, देवकी, बोक्सा बोक्सी, छुवाछुत, दहेज तथा दाईजो, बालश्रम, लैंगिक भेदभाव, मानव वेचविखन, निरक्षरता जस्ता सामाजिक कुरिती र अन्धविश्वासको अन्त्य गर्नुपर्नेछ ।
३४. असक्त विरामी भएको वेवारिस वा असहाय ब्यक्तिलाई नजिको अस्पताल वा स्वास्थ्य केन्द्रमा पुर्‍याई औषधी उपचार गराउनु पर्नेछ ।
३५. असहाय वा बेबारिसे ब्यक्तिको मृत्यु भएका निजका दाह संस्कारको ब्यवस्था मिलाउनु पर्नेछ ।
३६. वडाभित्रको सामुदायिक वन, वनजन्य सम्पदा र जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्नुपर्नेछ ।
३७. वडा, टोल, वस्ती स्तरमा हरियाली क्षेत्र विस्तार गर्नुपर्नेछ ।
३८. वडालाई वातावरणमैत्री बनाउने तथा जलवायु परिवर्तन अनुकुलनका कार्यहरु गर्नुपर्नेछ ।
३९. प्रांगारिक कृषि, सुरक्षित मातृत्व, बिद्यार्थी भर्ना, पुर्ण खोप, खुल्ला दिशामुक्त सरसफाई, वातावरण मैत्री तथा बालमैत्री शासनजस्ता प्रवर्द्धनात्मक कार्यहरु गर्नुपर्नेछ ।